## के पुरुषको तुलनामा स्त्री सजिलै छलिएर पापमा फस्छिन् ?

**कहिलेकाहीं हो...तर कहिलेकाहीं होइन!** बिचार गर्नुहोस्, बुद्ध धर्म कसले सुरू गऱ्यो? बुद्धले। इस्लाम? मोहम्मद। मरमनिजम?जोसेफ स्मिथ। ती तीन जनाले २ अर्बभन्दा बढी मानिसको आध्यात्मिक गन्तव्यलाई प्रभाव पारेका छन्। पुरूष र स्त्री दुवैलाई छल्न सकिन्छ र उनीहरूले अरूलाई पनि बहकाउन सक्छ! यो स्त्री मात्रको कुरा होइन। यो पुरूषको मात्र कुरा होइन। छल भनेको मान्छेको कुरा हो!

मुख्य शब्द

**आर्तेमिस**

एफिससका आमा देवी

केही मानिसहरू १ तिमोथी २ अध्याय पढेर विश्वास गर्छन् कि बाइबलले महिलाहरूलाई कहिल्यै सिकाउनु हुँदैन भनेर सिकाउँछ। तिनीहरू विश्वास गर्छन् कि पावलले नै सबै संस्कृति र समयका स्त्रीहरूलाई शिक्षा दिने कुरामा विश्वाव्यापीरूपमा प्रतिबन्ध लगाएका हुन्। किन? किनकि हव्वा छलिएकी हुन, सबै स्त्रीहरू सजिलै छलमा पर्छन्। १ तिमोथी २:१४ले भन्छः

> "किनभने आदम नै पहिले सृजिएका हुन, त्यसपछि हव्वा। आदम छलिएका होइनन्,
> तर **स्त्रीचाहिँ छलिएर अपराधमा परेकी हुन्।**"

**एफिसस र आर्तेमिसको शिक्षा**



बाइबलीय खण्डहरू बुझ्नको लागि, सधैं सन्दर्भ बुझ्न महत्वपूर्ण हुन्छ। प्रथम शताब्दीमा, एफिसस एक कामुक, अनैतिक, ज्ञान खोज्ने (प्रि–नोस्टिक) महानगरीय क्षेत्र थियो। यसको धेरैजसो अर्थतन्त्र रहस्यमय गतिविधिमा आधारित थियो (प्रेरित १९:२३–४१ हेर्नुहोस्)। एफिससमा देवी आर्तेमिस (डायना)को पूजा गरिन्थ्यो। उनको सुनले ढाकिएको मन्दिर, संसार को सात आश्चर्य मध्ये एक हो, जसलाई निर्माण गर्न १२० वर्ष लागेको थियो र समुन्द्रबाट देख्न सकिन्थ्यो।



आर्तेमिस एक शक्तिशाली उर्वरताकी देवी थिइन्, जसलाई प्रायः दुई दर्जन नाङ्गो स्तनहरू (वा जादुई 'तरल औषधि'को झोला)ले चित्रण गर्थे। उनी एसियाको महान आमा भनेर चिनिन्थ्यो। आर्तेमिसको शिक्षाले जीवन र शैतानी आत्माहरूमाथि उनको ब्रह्माण्डीय शक्तिको उपासना गर्थे। एफिसीहरूले पनि आमा हव्वा (तिनलाई आर्तेमिससँग जोडेर) आदम भन्दा पहिले सृष्टि भएको हो भनेर मान्थे। उनीहरूले रहस्य ज्ञान प्राप्त गर्नु राम्रो माने का थिए किनभने मानिसहरूले अब ज्ञान प्राप्त गर्न सक्थे। यो ज्ञानलाई माया गर्ने, शक्ति खोज्ने सहरमा, चर्च भित्र र बाहिर झूटा शिक्षाहरू प्रशस्त थिए। तिमोथीले यस मण्डलीलाई सत्यमा डोऱ्याउन मेहनत गरे।

**पावलले एफिससमा कुन झूटो शिक्षालाई सच्याइरहेका थिए ?**

**विधर्मी सांस्कृतिक दन्त्यकथाहरूको विरोध गर्दै, पावलले तिमोथीलाई मुख्य सिद्धान्तहरू प्रदान गरेः**

- पहिलो स्त्री पहिलो पुरूष भन्दा अघि थिएन। **"किनभने आदम नै पहिले सृजिएका हुन, त्यसपछि हव्वा।**
- स्त्रीलाई (असल र खराबको) ज्ञानले बुद्धत्व दिइएन। **उनी छलमा परिन्।**
- हव्वाले पाएको यो ज्ञान राम्रो थिएन। **बरू, तिनी अपराधमा परेकी हुन्।**

## पावलले आर्तेमिस शिक्षाको एफिसी पाखण्डीहरूलाई जवाफ दिइरहेका थिए।

**निष्कर्षः**

केही खीष्टियन शिक्षकहरूले बाइबलबाट सिकाउन स्त्रीहरूलाई सीमित पार्न खोज्छन् किनभने तिनीहरू दाबी गर्छन् कि स्त्रीहरू सजिलै छलिन्छन्। यस व्याख्यामा पावलका कुराहरू छुटेका छन्। बरू, पावलले आर्तेमिस पंथका झूटा शिक्षाहरूलाई सच्याइरहेका थिए। पुरूषले मात्र सिकाउनुपर्छ भन्ने प्रमाणको रूपमा निर्मित व्यवस्थालाई स्थापना गरिरहेका थिएनन्।

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com